आर्थिक अभियान
वर्ष १० अङ्क २५ काठमाडौं शुक्रबार, ३१ असोज २०७१ Friday, October 17 2014

# सार्कका कार्यक्रम कार्यान्वयन गर्ने बेला

असोज ३०, काठमाडौं (अस)। राष्ट्रिय योजना आयोगका सदस्य डा गोविन्द नेपालले दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)ले घोषणा गरेका कार्यक्रम कार्यान्वयन गर्ने बेला भएको बताएका छन्। साउथ एशियन वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती) र अक्सफाम नेपालले बिहीबार राजधानीमा आयोजना गरेको '१८औं सार्क सम्मेलनका लागि जलवायु परिवर्तन, कृषि, खाद्य सुरक्षा तथा प्रकोप व्यवस्थापनमा नेपालको दृष्टिकोण' गोष्ठीमा बोल्दै डा नेपालले यस्तो बताएका हुन्। 'अहिलेसम्म सार्कका अधिकांश कार्यक्रम कार्यान्वयन नहुने समस्या छ। आगामी सम्मेलनले त्यसका लागि प्रयास गर्नु पर्नेछ' उनले भने।

आगामी सार्क सम्मेलनमा नेपालका लागि महत्त्वपूर्ण मानिएका विषयमा सुझाव दिनका लागि कार्यक्रमको आयोजना गरिएको सावतीका कार्यकारी अध्यक्ष डा पोषराज पाण्डेले जानकारी दिए। आगामी दशकमा दक्षिण एशियाली क्षेत्रका गरीब जनता अझ बढी प्रभावित हुने भएकाले त्यसका लागि बेलैमा राष्ट्रिय तथा क्षेत्रीय नीति तथा कार्यक्रम लागू गर्नुपर्ने उनको भनाइ थियो। अक्सफाम नेपालकी अन्तरिम कण्ट्री डाइरेक्टर नोरिन खालिदले जलवायु परिवर्तन र प्राकृतिक बिपत्तिसँग जुध्नका लागि नेपाल सरकार र नागरिक समाजबीच सहकार्य हुनुपर्ने बताइन्।। परराष्ट्र मन्त्रालयका सहसचिव निर्मल काफ्लेले जलवायु परिवर्तनबाट सृजना हुने समस्यासँग जुध्नका लागि सार्कका सदस्य मुलुकले वित्तीय तथा ज्ञानका क्षेत्रमा संयुक्त प्रयास गर्नुको विकल्प नभएको बताए।